नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

पौष/माघ२०७९ (January 2023) वर्ष २६/अङ्क २८७

## पुनर्मिलन क्षमा “दिनु र लिनु” को प्रमाण हो

– पाष्टर शरण बहादुर राई

“यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, तिम्रो भेटी त्यही वेदीको साम्‍ु छोड, र जाऊ । पहिले आफ्नो भाइसँग मिलाप गर, र त्यसपछि आएर आफ्नो भेटी चढाऊ (मत्ती ५:२३-२४) ।

सृष्टिको समयलाई हेर्ने हो भने, परमेश्वरको आज्ञा मानव जातिले नमानेको कारण परमेश्वर र मानव जाति बीचको सम्बन्ध सुमधुर भएन । सामान्य भाषामा सम्बन्ध सुमधुर नहुनु भनेको अलग-अलग भएर एक अर्कामा सरोकार राख्न नचाहनु भन्ने बुझिन्छ । तर बाइबल धर्मशास्त्रमा मानव जातिको शुरूको अवस्थाको विषयमा हेर्दा सरोकार नराखिएको भन्ने अर्थ लाग्दैन । किनभने मानव जातिले अरू कसैको बहकाउमा आफ्नो विषयमा आफ्नै तरिकाले निर्णय गरेको भएपनि परमेश्वरले त मानव जातिलाई प्रेम गरी नै रहनुभएको थियो (उत्पत्ति २:१६-१७, ३:१-१४) ।




त्यसैले आफ्नो प्रेमलाई मानव जातिमा समाहित गरी पहिलाकै सम्बन्ध स्थापना गर्न परमेश्वर आफै यस संसारमा मानव रूप लिएर कन्या केटीको गर्भबाट जन्मनुभयो, (लूका १:२६-३८; यूहन्ना १:१-२, १४), उहाँको नाम येशू हो । जसले येशूलाई प्रभु भनी विश्वास गर्छ परमेश्वरसँग उसको सम्बन्ध पुन: पहिलाकै जस्तो स्थापना हुन्छ भनी रोमी १०:९-१० मा लेखिएअनुसार यसो हुन आवश्यक थियो । मानव जातिको निम्ति उहाँसँगको पुनर्मिलनको यो एउटा स्वर्गीय प्रबन्ध थियो । पुरानै सम्बन्धमा आउने काम, जुन सम्बन्धमा कुनै दरार छैन, परमेश्वरको तर्फबाट भएको प्रस्तावप्रति मानव जातिको सकारात्मक जवाफपछि मात्र सम्भव हुन्छ भन्ने कुरा बाइबल धर्मशास्त्रले निश्चयता दिन्छ । परमेश्वरसँग मानव जातिको पुनर्मिलनको लागि परमश्वरकै पहल र देन बढी देखिन्छ ।

अब म माथिको खण्डमा जान्छु, जुन खण्ड मत्ती ५:२३-२४ हो । येशू स्वयंले आफ्ना चेलाहरूलाई दिनुभएको शिक्षाको यस खण्डमा दुई जना मानिसहरूका बीचको सम्बन्धको विषयमा छ, जुन सम्बन्धमा दरार देखिन्छ र यो सम्बन्ध मैले अघिल्लो अनुच्छेदमा प्रस्तुत गरेको सम्बन्धभन्दा फरक छ । ती दुई जना अलग-अलग छन्, एउटाले अर्काको कुनै सरोकार राख्न चाहँदैन । आ-आफ्नै सोचाइमा दुवै सही छन् । उनीहरू असल सेवाहरूमा आफ्ना जीवन अर्पण गरिरहेका छन् । तरैपनि उनीहरू बीच एउटा खाली ठाउँ छ भन्ने यस खण्डले देखाएको छ । त्यो खाली ठाउँले उनीहरूले गरेका जुनसुकै सेवाको काम किन नहोस्, परमेश्वरको हेराईमा ग्रहणयोग्य छैन भन्ने अर्थ ल्याउँछ ।

यस खण्डमा एउटा आह्वान छ, “वेदीको साम्‍ु आफ्नो भेटी राख, जाऊ, मिलाप गर, र आएर भेटी चढाऊ ।” परमेश्वरलाई भेटी चढाउने काम भइरहेको छ, तर गर्नुपर्ने मिलापको कामचाहिँ भएको छैन । उनीहरू आफ्नो मुखले भन्छन्, “हैन, उप्रति मेरो केही छैन, मैले क्षमा दिइसकेँ ।” तर उसको मनले उसलाई भन्छ, “होइन, तिमी झूट बोल्दैछौ ।” त्यो मानिसले आफ्नो मुखले बोलेअनुसार भयङ्कर सेवा गर्छ (भेटी दिने काम), उसको मनले भनेअनुसार गएर मिलाप गर्न चाहँदैन ।

हिब्रूको पत्र लेखकले “दूध मात्र खाने नगर” भनेर लेखेका भएपनि आज दूधकै विषयमा अर्थात् मण्डलीको बाइबलीय आधारभूत शिक्षा “सम्बन्ध” को विषयमा लेख्न मलाई मन लाग्यो । येशूलाई विश्वास गरेको कैयौं वर्ष भइसक्यो, तर भाइ, बहिनी, दाजु, दिदीसँगको सम्बन्ध आवरणमा मात्र ठीक भएको देखिन्छ, वास्तविकता तीतो नै छ । विडम्बना ! मण्डलीको विभिन्न क्षेत्रमा अग्रपङ्क्तिको जिम्मेवारमा रहेर प्रभावकारी सेवाको काम गरिँदैछ, सम्बन्धको विषयमा रिक्तता नै छ । विडम्बना ! यो गर्नुपर्छ, त्यो गर्नुपर्छ भनेर चाहिँ भन्ने तर आफूले चाहिँ नगर्ने फरिसीहरू जस्ता ! चुन पोतिएको चिहान जस्तैको आडम्बरी जीवन ! परमेश्वरले यस्तै मानिसहरू होऊन् भनेर हामीलाई येशूमा आफ्ना सन्तान बनाउनुभएको होइन । यो त धोकेवाज भो ! कसलाई ? आफैलाई । “म परमेश्वरको पवित्रजन” चाहिँ भन्ने, तर पवित्रताचाहिँ आफ्नो जीवनमा नअपनाउने, ग्रहण नगर्ने । यस्तै प्रकारको जीवन जिउनेहरूको काम नाश भएर जान्छ भनेर १ कोरिन्थी ३:३-१५ मा पावलले मण्डलीलाई लेखेका छन् । येशूमा पाइने मुक्ति र इनाम दुवैको लागि योग्य होऊन् भन्ने परमेश्वर चाहनुहुन्छ । मिलापको सेवा छैन भने, काम जलेर नोक्सानी भोग्ने र आफूचाहिँ आगोबाट उम्केझैँ बाँच्ने मानिस मात्र हुनेछौँ ।

सम्झनुस् त, नयाँ वर्ष लागेर कति दिन गइसक्यो ! समयले पर्खने काम गर्दैन, अरूलाई मौका दिँदै आफ्नो गतिमा अगाडि बढिरहन्छ । तर गइसकेको दिन एक जना मानिसको लागि कति फलदायी भयो ? मुख्य कुराचाहिँ त्यो भयो । हामी आफ्नै निम्ति सोचौँ । नयाँ पल, नयाँ दिन, नयाँ वर्षले एक जना मानिसको लागि केही कुरा ल्याएर टक्र्याइदिने होइन, त्यसरी आशा गर्नुपनि मिल्दैन । त्यो पल, दिन, वर्ष एक जना मानिसको

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | डाँछी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पौष ३० January 14 | एल्डर रत्नमान महर्जन | श्री सरुष तामाङ्ग | एल्डर बागमान तामाङ्ग | श्रीमती माया लामा | श्री वीरध्वज तामाङ्ग | श्री मिलन प्रधान | पाष्टर रूबेन श्रेष्ठ | डीकन रूद्र राई | डीकन अनिल चौधरी | श्री सिमोन लामा | एल्डर पेशल राई |
| माघ ७ January 21 | एल्डर दिनेश न्यौपाने | एल्डर सिद्धि खालिङ | डीकन कुमार गजमेर | डीकन भूपाल तामाङ्ग | श्रीमती निशा तामाङ्ग | श्री जीवन खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु | श्री श्रीराम सुर्खेती | श्री विश्वास थापा | डीकन कुमार नगरकोटी | पाष्टर प्रेम श्रेष्ठ |
| माघ १४ January 28 | एल्डर सिमोन पाठक | डीकन राजु तामाङ्ग | डीकन सुनिल तामाङ्ग | एल्डर दान ब अधिकारी | एल्डर पूर्ण सुनुवार | श्री ध्रुव घिमिरे | पाष्टर रूबेन श्रेष्ठ | श्री बाबु राम के.सी. | एल्डर आमोस खालिङ | एल्डर भुवन देवकोटा | एल्डर पेशल राई |
| माघ २१ February 4 | पाष्टर अशोक मुखिया | डीकनेस् रश्मिला तामाङ्ग | श्री लेखनाथ पौडेल | डीकनेस् शान्ता अधिकारी | श्री सुचन तामाङ्ग | पाष्टर बि.बि. खवास | डीकन सिमोन भण्डारी | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | एल्डर आनन्द न्यौपाने | पाष्टर प्रेम श्रेष्ठ |

लागि अवसर मात्र हो अर्थात् आशिष् या सफलता प्राप्त गर्ने साधन मात्र हो, साध्य होइन । सम्झनोस् नयाँ वर्ष भनेको फूटबल ग्राउण्डजस्तो हो । ग्राउण्डले गोल गरिदिँदैन । गोल त ग्राउण्डमा खेल खेलेर खेलाडीले गर्नुपर्छ । परमेश्वरले अरू बढी आशिष् पाउन सकून् भनेर हामीहरूको लागि नयाँ वर्ष एउटा अवसरको लागि दिइसक्नुभएको छ । यो वर्षभित्र परमेश्वरले



राखिदिनुभएको आशिष् (एफिसी १:३) प्राप्त गर्न हामी कति सफल हुन्छौं, आफैमा नीहित रहन्छ । यसको लागि साँचो मिलाप (परमेश्वर र मानिस दुवैप्रति) आवश्यक छ ।

हात्तीलाई भुसुनाको बढो चिन्ता लाग्छ अरे । आकारको आधारमा हात्तीको लागि भुसुना कुनै अर्थको कुरै होइन । तर भुसुनाको टोकाई हात्तीको निम्ति निक्कै नै प्रतिउत्पादक हुन्छ भन्ने उक्ति छ । ठ्याक्कै त्यसैगरी साँचो रूपमा नसुध्रिएको भुसुनारूपी सम्बन्धले हाम्रो हात्तीरूपी सेवालाई उत्पादन मूलक बनाउँदैन ।

यही सोँचलाई आत्मसात् गरेर यो नयाँ वर्ष उपयोग गर्न सक्यौं भने हामीले पाएको मुक्तिलाई सुन्दर बनाउने इनामको लागि पनि योग्य ठहरिनेछौं । परमेश्वर र मानवजाति बीचको सम्बन्ध सुमधुर बनाउन येशू (परमेश्वर) कै भूमिका अहम रहन्छ अर्थात् येशूद्वारा मात्र सम्भव हुन्छ । त्यसरी नै भेटी चढाउनु (परमेश्वरको लागि गरिने कुनै काम या कुरा) भन्दा पहिला भेटेर मिलाप गर्नुपर्ने मानिससम्म जाने पहिलो भूमिका तपाईं र मेरो नै देखिन्छ । किनभने येशूद्वारा पाइने ईश्वरीय आनन्दलाई बिथोल्ने श्रोतहरूमध्ये पुनर्मिलन नहुनु पनि मुख्य हो ।

त्यसैले यो नयाँ वर्षलाई आशिष् पाउने एउटा आधार मानेर पुनर्मिलनको सेवा पूरा गर्दै आफ्ना व्यक्तिगत जीवन, परिवार र मण्डलीलाई आशिषित् बनाउनु हुनेछ भन्ने विश्वासका साथ यसै होस् भनेर कामना पनि गर्दै बाइबल धर्मशास्त्रको एउटा खण्ड फेरि पनि यसरी हेरौं:

किन तिमी आफ्नो भाइको आँखामा भएको धूलोको कण देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहा पाउँदैनौ ? अथवा तिम्रो आफ्नै आँखामा मूढ़ा छ भने कसरी तिमी तिम्रो भाइलाई भन्न सक्छौ, 'मलाई तिम्रो आँखाबाट धुलोको कण निकाल्न देऊ ।' ए ढोंगी, पहिले आफ्नै आँखाबाट मूढ़ा निकाल, तब तिम्रो भाइको आँखाबाट धुलोको कण निकाल्नलाई तिमी सफासँग देख्न सक्नेछौ, (मत्ती ७:३-५) ।

## विशेष् प्रार्थना

१. देशको राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधान मन्त्री, मुख्य मन्त्री, मन्त्री मण्डल, राजनैतिक पार्टीहरू साथै सम्पूर्ण पदाधिकारीहरूको निम्ति प्रार्थना गरिदिऔं साथै देशको सामाजिक, आर्थिक, भौतिक क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नतिको लागि प्रार्थना गरिदिऔं ।

२. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

३. २०२२ को ख्रीष्टमसको अवसरमा विभिन्न माध्यमहरूद्वारा प्रचारिएको सुसमाचारद्वारा आउँदा दिनहरूमा धेरैभन्दा धेरै मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् ।

४. २०२३ साल नेपाली इसाई मण्डली परमेश्वरको इच्छा पवित्र आत्माको अगुवाइमा आज्ञाकारी भई परमेश्वरलाई महिमा दिन सकौं ।

५. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानभुएकाहरू अनुग्रहको समय छँदानै प्रभुमा फर्केर आउन सकून् ।

६. शारीरिक तथा मानसिक रोग लागेका रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पौष ३० January 14 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | श्री अमृत लामा | एल्डर पिटर लिम्बू | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोेदेन कार्थक | डीकन डी.बी. राई |
| माघ ७ January 21 | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | श्री अमृत लामा | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर पिटर लिम्बू | पाष्टर बर्णबास श्रेष्ठ | श्री कुमार सेन्चुरी |
| माघ १४ January 28 | एल्डर अर्जुन ढकाल | पाष्टर प्रेम श्रेष्ठ | श्री अमृत लामा | डीकन कृष्ण तामाङ्ग | श्री कृष्ण श्रेष्ठ | श्री चित्र मगर | डीकन गोपाल राई | डीकन प्रशान्त सिंह | पाष्टर प्रेम श्रेष्ठ | श्री कुमार सेन्चुरी | श्री प्रिन्स राई |
| माघ २१ February 4 | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर कर्ण तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोेदेन कार्थक | एल्डर जोरविर राई |

## हार्दिक बधाई



मंसीर १५ गते/डिसेम्बर १ तारिख, बिहीबार नेइम ज्ञानेश्वर चर्चका सदस्यहरू श्री राजु घिसिङ्ग र सुश्री रचना तामाङ्गको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर १९ गते/डिसेम्बर ५ तारिख, सोमबार नेइम चाँगु चर्चका सदस्य श्री विनोद लामा र नेपाल नेडियण्ट चर्च, ललितपुरको सदस्य सुश्री मञ्जु तामाङ्गको नेइम चाँगु चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर २२ गते/डिसेम्बर ८ तारिख, बिहीबार नेइम डाँछी चर्चका सदस्य श्री अशोक सुनुवार र सिनै चर्च जोरपाटीको सदस्य सुश्री रेखा दियालीको सिनै चर्च जोरपाटीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।




मंसीर २२ गते/डिसेम्बर ८ तारिख, बिहीबार नेइम जोरपाटी चर्चका सदस्य श्री निरज राई र कपन नयाँ जीवन चर्चको सदस्य सुश्री जस्मिन देवानको कपन कार्की इभेन्ट्स्मा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।


## जानकारी



फलेडाँडा बस्नुहुने नेइम जोरपाटी फलेडाँडा संगतिको सदस्य श्री हिरा लाल तामाङ्ग ४३ वर्षको उमेरमा मंसीर २५ गते/डिसेम्बर ११ तारिख शुक्रबार प्रभुमा सुत्नुभयो ।




ललितपुर बस्नुहुने नेइम ललितपुर मण्डलीको सदस्य श्री राम बहादुर खड्का ६४ वर्षको उमेरमा मंसीर २६ गते/डिसेम्बर १२ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



इचंगु बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री प्रेम बहादुर श्रेष्ठ ६४ वर्षको उमेरमा पौष ४ गते/डिसेम्बर १९ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



चितवन खुरखुरे बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री माइली बाग्दास ७२ वर्षको उमेरमा पौष ५ गते/डिसेम्बर २० तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



भैसेपाटी बस्नुहुने नेइम ललितपुरको सदस्य श्री रबि (फिलिप) राई ६८ वर्षको उमेरमा मंसीर २७ गते/डिसेम्बर १३ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २४ 8<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | १ माघ 15<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्टलाई सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>रोमी ४:२४-२५ | ८ 22<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी ३:१४-१५ | १५ 29<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>फिलिप्पी २:१-५ |
| **सोमबार**<br>Monday | २५ 9<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | २ 16<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएको प्रार्थनाको पाएको उत्तर साथै नपाएका उत्तरमा पनि हामी सबै धन्यवादी हुन सकौं ।<br>रोमी ८:२८ | ९ 23<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | १६ 30<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ |
| **मंगलबार**<br>Tuesday | २६ 10<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | ३ 17<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | १० 24<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १७ 31<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ |
| **बुधबार**<br>Wednesday | २७ 11<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | ४ 18<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर जान सकून् ।<br>एफिसी ४:११-१६ | ११ 25<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ | १८ February 1<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोर्‍याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| **बिहीबार**<br>Thursday | २८ 12<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना छोरा छोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>व्यवस्था ११:१८-१९ | ५ 19<br>सबै जवानहरूको प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ | १२ 26<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ | १९ 2<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>गन्ती ६:२४-२६ |
| **शुक्रबार**<br>Friday | २९ 13<br>मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२३-२४ | ६ 20<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ | १३ 27<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून्।<br>प्रेरित २०:२८-३२ | २० 3<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ |
| **शनिबार**<br>Saturday | ३० 14<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ७ 21<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ | १४ 28<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ | २१ 4<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ |

**धन्य हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिंड्दैन, जो पापीहरूको मार्गमा खडा हुँदैन, अनि गिल्ला गर्नेहरूको सङ्गतमा बस्दैन । तर परमप्रभुको व्यवस्थामा नै त्यो खुशी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ । त्यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन । त्यसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ ।** **भजनसंग्रह १:१-३**